**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 24.06.2024**

***Lok Sabha session***

अठारौं लोकसभाको पहिलो सत्त आज नवनिर्वाचित सांसदहरूद्वारा सदनका सदस्यको रूपमा शपथ लिनका साथै शुरू भयो।

लोकसभाका नेता प्रधानमन्त्री श्री मोदी, सदनका सदस्यको रूपमा शपथ लिने प्रथम सदस्य हुनुहुन्थ्यो।

अस्थायी अध्यक्ष श्री भतृहरि महातावले श्री मोदीलाई शपथ ग्रहण गराउनुभयो।

सदनको कार्यवाही चालनमा श्री महतावको सहायताका लागि नियुक्त अध्यक्षलाई प्यानलको शपथ ग्रहण गराइयो।

भारतीय जनता पार्टीका सांसद श्री राधा मोहन सिंह र श्री फग्गन सिंह कुलस्तेले चेयरपर्सन स्थानका सदस्यको रूपमा शपथ ग्रहण गर्नुभयो।

यसअघि रास्ट्रपति श्रीमती द्रौपदी मुर्मूले रास्ट्रपति अस्थायी अध्यक्ष श्री भतृहरि महाताबलाई शपथ ग्रहण गराउनुभयो।

अधिवेशनको अवधिमा नयाँ लोकसभा अध्यक्षको चुनाउ आउँदो बुधवार हुनेछ।

त्यसपछि रास्ट्रपतिले बिहीवारका दिन संसदको दुवै सदनका संयुक्त बैठकलाई सम्वोधन गर्नुहुनेछ।

राज्यसभाको अधिवेशन सत्त बिहीवारदेखि आरम्भ हुनेछ।

संसद सत्त आउँदो महीना तीन तारीक समाप्त हुनेछ।

---

***PM***

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ अठारौं लोकसभाको सत्त विकसित भारत निर्माणको संकल्प लिएर शुरू भइरहेछ।

श्री मोदीले भन्नुभएको छ उहाँको सरकारले देशको सेवा गर्ने र जनताका आकांक्षाहरू पूरा गर्नका लागि निरन्तर प्रयास गर्नेछ।

लोकसभा सत्त अघि संसद वाहिर पत्रकारहरूसित बातचित गर्दै श्री मोदीले भन्नुभयो सरकार चलाउनका लागि बहुमतको आवश्यक्ता पर्छ तर देश चलाउनका लागि आम सहमति अत्यन्त महत्वपूर्ण छ।

प्रधानमन्त्रीले भन्नुभयो उहाँको सरकारले सबैलाई साथमा लिएर अनि सम्विधआनको पवित्रता कायम राखेर शीघ्र फैसला लिन चाहन्छ।

---

***CM***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीको संसद भवनमा प्रधानमन्त्री श्री नरेन्द्र मोदिसित भेट गर्नुभयो।

भेटघाटका बेला उहाँहरूले राज्यका बाह्र समुदायका लागि जनजातिका दर्जा, सिक्किम विधानसभामा लिम्बु, तामाङ सीट आरक्षण र सत्रौं कर्मापा उगेन थिन्ले दोर्जीको राज्य भ्रमण जस्ता माँगहरूवारे विचारविमर्श गर्नुभयो।

मुख्यमन्त्रीले चिवा भञ्ज्याङमा सिक्किम र पूर्वी नेपालवीच समन्वित जाँचचौकीसँगै बहु नमूना को रिडर

निर्माण गर्ने राज्यको पहलवारे प्रधानमन्त्रीलाई अवगत गराउनुभयो।

श्री तामाङले आपदापछिको आवश्यकता अनुरूप आंकलन रिपोर्ट प्रस्तुत गर्नुभयो।

यसमा पुनप्राप्ति तथा पुननिर्माणका लागि गरिएको छ।

रास्ट्रिय मार्ग दसको सामरिक महत्वलाई ध्यानमा राखेर मुख्यमन्त्रीले यसमा घरिघरि देखा पर्ने अवरोधलाई रोक्न स्थायी समाधानको आग्रह गर्दै यसको रखरखाउ कार्य भारतीय रास्ट्रिय राजमार्ग प्राधिकरण NHAI तथा रास्ट्रिय मार्ग तथा पूर्वाधार विकास निगम NHIDCL जस्ता केन्द्रीय एजेन्सीलाई सुम्पिने प्रस्ताव राख्नुभयो।

उहाँले उत्तर सिक्किममा हालैको अतिरल वर्षाले गर्दा गान्तोकलाई भारत चीन सीमानासँग जोड्ने रास्ट्रियमार्ग 310 A को मरम्मतिका लागि आवश्यक हस्तक्षेप गर्ने माँग गर्नुभयो।

मुख्यमन्त्रीले पश्चिम बंगालको बाख्राकोट र सिक्किमको रोड़ाथाङ वीच हिमालयन रेल मार्ग विकसित गर्ने प्रस्ताव पनि राख्नुभएको छ।

आमाहरूको सम्मानमा विरूवा रोपेर पर्यावरण संरक्षणप्रति जागरूकता उत्पन्न गर्ने प्रधानमन्त्रीको पहलको प्रशंसा गर्दै श्रई तामाङले भन्नुभयो राज्यले आगामी सात जुलाईका दिन यस्तो पहल गर्नेछ।

सोह मई 2025 मा सिक्किमले आफ्नो पचासौं राज्य दिवस मनाउने कुरो बताउँदै मुख्यमन्त्रीले राज्य दिवस समारोहमा मुख्य अतिथिको रूपमा उपस्थित रहन प्रधानमन्त्रीलाई निमन्त्रण गर्नुभयो।

श्री मोदीले निमन्त्रण स्वीकार गर्नुभएको छ।

---

***CM MET VP***

मुख्यमन्त्रीले अपरान्हको समयमा उपरास्ट्रपति श्री जगदीप धनखड़सित भेट गर्नुभयो।

सिक्किम सरकारका विकास पहलहरूको प्रशंसा गर्नुभएकोमा उहाँले उपरास्ट्रपति प्रति आभार प्रकट गर्नुभयो।

श्री धनखड़ले बाख्राकोट र रोड़ाथाङवीच हिमाचल रेलवे लाइन र रास्ट्रिय मार्ग यसका मामिलाहरूवारे सहयोग गर्ने र सम्वन्धित मन्त्रालयहरूलाई अवगत गराउने आश्वासन दिनुभएको छ।

यस अवसरमा लोकसभा सदस्य श्री इन्द्रहाङ सुब्बा, राज्यसभा सांसद श्री दोर्जी छिरिङ लेप्चा, मुख्य सचिव श्री विजय भूषण पाठक र मुख्यमन्त्री कार्यालयका सचिव श्री शङ्करदेखि ढकाल पनि उपस्थित हुनुहुन्थ्यो।

---

***CM Students***

यसअघि आज विहान सिक्किम हाउसमा राज्यका विद्यार्थीहरूले मुख्यमन्त्रीसित भेट गरे।

विद्यार्थीहरूसँग कुराकानीको क्रममा श्री तामाङले विद्यार्थीहरूका विशेष आवश्क्ताहरू पूरा गर्न मुख्यमन्त्री कार्यालयमा एउटा समर्पित प्रकोस्ठ स्थापित गर्ने जानकारी दिनुभयो। उहाँले विद्यार्थीहरूलाई उनीहरूको सबै प्रयासमा सरकारको तर्फवाट सहयोग गर्ने आश्वासन दिनुभएको छ।

यसैवीच बाह्रौ छामगोङ केन्चिङ ताइसेतु रिम्पुछेलाई प्रतिनिधित्व गर्दै एउटा विशिस्ट प्रतिनिधिटोलीले पनि मुख्यमन्त्रीसित शिस्टाचार भेट गरयो।

प्रतिनिधि मण्डलका सदस्यहरूले रिम्पुछेको तर्फवाट मुख्यमन्त्रीलाई बधाई र आशीर्वाद दिए।

---

***Dc assumed charge***

श्री अगवाने रोहन रमेशले आजदेखि पाकिमका जिल्लाधीशको पदवार सम्हाल्नुभएको छ।

यसअघि उहाँ गान्तोक जिल्लामा अतिरिक्त जिल्लाधीशको पदम सेवारत हुनुहुन्थ्यो।

यसै गीर श्री अनन्त जैनले मंगन जिल्लाका जिल्लाधीशको पद सम्हाल्नुभएको छ।

उहाँ यसअघि नाम्चीका अतिरिक्त जिल्लाधीश हुनुहुन्थ्यो।

---